# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम

# पाठ ५

## प्रभु येशूको चेलाले प्रार्थना कसरी गर्नुपर्छ?

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''निरन्तर प्रार्थना गरिरहो; हरेक कुरामा धन्यवाद चढ़ाओ, किनकि प्रभु येशूमा यही तिमीहरूको निम्ति परमेश्‍वरको इच्छा छ।''** **१ थेस्सलोनिकी ५:१७-१८**

परमेश्‍वरको वचन हाम्रो आत्मिक भोजन हो। भोजन दिनप्रति दिन लिए मात्र हामी बलियो हुन्छौं भन्ने कुरा हामीले अघिल्लो पाठमा बुझ्यौं। तर परमेश्‍वरको वचन पढ्नाले मात्र हामी स्वस्थ हुँदैनौं। यसमा हामीले अझ एउटा कुरा थप्नुपर्छ; यो हो प्रार्थना। हाम्रो आत्मिक जीवनको लागि प्रार्थना अति आवश्यक कुरा हो। मानिसको शरीरलाई विचार गरेर वैज्ञानिकहरूले के भन्छन् भने भोजनविना मानिस चालीस दिन र पानीविना तीन दिन बाँच्छ, तर सासविना मानिस तीन मिनट मात्र बाँच्न सक्छ। ठीक त्यस्तै हामी प्रार्थनालाई सास लिने झैं हेर्दछौं। जसले प्रार्थना गर्न सिकेको छैन, उसको जीवनमा आत्मिक सासै छैन। यसकारण परमेश्‍वरको आज्ञा हाम्रो लागि 'निरन्तर प्रार्थना गरिरह' हो। प्रार्थना कसरी गर्नुपर्छ, यो कुरा पढ़ेर सिक्न सकिँदैन, तर गरेर सिक्नुपर्छ। यसो भए पनि हामी तपाईंलाई याद राख्नुपर्ने एकदुई कुरा परमेश्‍वरको वचनबाट बताउन चाहन्छौं।

## क - प्रभु येशूले प्रार्थना गर्न सिकाउनुभयो

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**यसैले तिमीहरूले यस प्रकारले प्रार्थना गर - ''हे स्वर्गमा हुनुहुने पिता, तपाईंको नाम पवित्र गरिओस्, तपाईंको राज्य आओस्, तपाईंको इच्छा स्वर्गमा झैं पृथ्वीमा पूरा होस्। आज हाम्रो दिनप्रतिदिन चाहिने भोजन हामीलाई दिनुहोस्। अनि हाम्रा पापहरू हामीलाई क्षमा गर्नुहोस्, जसरी हामीले पनि आफ्ना ऋणीहरूलाई क्षमा गर्दछौं। अनि परीक्षामा हामीलाई नलानुहोस्, तर हामीलाई दुष्टबाट बचाउनुहोस्; किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्। आमेन।''**

**मत्ती ६:९-१३**

यो प्रार्थना प्रभु येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभयो। कति ख्रीष्टयानहरूले यसलाई कण्ठस्थ गरेर जस्ताको त्यस्तै भन्ने गर्छन्। अरूले यस प्रार्थनाको मतलब बुझेर प्रार्थना गर्छन्। जे गरे पनि हामीले बरबराउनुहुँदैन, तर साँचो हृदयले प्रार्थना गर्नुपर्छ। माथि उल्लेख गरिएको प्रार्थनालाई हामी दुई भाग लगाउन सक्छौं, परमेश्‍वरको निम्ति गरिने प्रार्थना र आफ्नो निम्ति गरिने प्रार्थना।

## अ – परमेश्वरको निम्ति गरिने प्रार्थना

**''हे स्वर्गमा हुनुहुने पिता, तपाईंको नाम पवित्र गरिओस्, तपाईंको राज्य आओस्, तपाईंको इच्छा स्वर्गमा झैं पृथ्वीमा पूरा होस्।''** **मत्ती ६:९–१०**

जब हामीले प्रार्थना गर्छौं, तब कससँग हामीले कुरा गरेका छौं, याद राख्नुपर्छ। हामी स्वर्गको सर्वशक्तिमान् पवित्र परमेश्वरसित बोल्छौं। यसकारण उहाँको डर मानेर हामीले आदर र भक्तिसाथ प्रार्थना गर्नुपर्छ। तर प्रभु येशूमाथि विश्वास गरेकोले परमेश्वर हाम्रो बुवा हुनुहुन्छ भनी जानेर हामीले उहाँकहाँ आउन अप्ठ्यारो मान्नुपर्दैन। हामीलाई के के खाँचो पर्छ, उहाँ जान्नुहुन्छ र हामीलाई दिन तयार हुनुहुन्छ। तर के हामीले यो बुझ्यौं कि प्रार्थनामा हामीले आफ्नो खाँचोको भन्दा पहिले परमेश्वरको इच्छाको खोजी गर्नुपर्छ। उहाँले आफ्ना तीनटा विषय – उहाँको नामको महिमा, उहाँको राज्यको स्थापना र उहाँको इच्छाको पूर्तिको बारेमा प्रार्थना गरेको चाहनुहुन्छ।

* **तपाईंको नाम पवित्र गरिओस्:**
हाम्रो जीवनद्वारा परमेश्वरको नामको महिमा हुनुपर्छ। यसैले हामीले एउटा पवित्र जीवन कायम राख्नुपर्छ। 'मेरो जीवनद्वारा प्रभु येशूको नाममा कुनै कलङ्क नआओस्' भनी हामीले सधैं प्रयास गर्नुपर्छ र यसो गर्नलाई प्रार्थना गर्नुपर्छ। उहाँको नामलाई नित्य महिमा होस्।

* **तपाईंको राज्य आओस्:**
एक दिन परमेश्वरले यस संसारमा आफ्नो राज्य स्थापित गर्नुहुन्छ। उहाँको राज्य धार्मिक राज्य हो। यसमा पाप र अधर्मको लागि ठाउँ छैन। तर के प्रभु येशू आजै तपाईंको जीवनको प्रभु हुनुहुन्छ? के तपाईंको सम्पूर्ण हृदय उहाँकै हो? के तपाईंले उहाँको राज्यको वृद्धि र विस्तारको लागि के गर्दै हुनुहुन्छ? कि के तपाईंले आफ्नो राज्य स्थापित गर्नुमा व्यस्त हुनुहुन्छ?

* **तपाईंको इच्छा पूरा होस्:**
हामी मान्छे जातिको कर्तव्य ठूलो छ। हामीले परमेश्वरको इच्छा पूरा गर्नुपर्छ। उहाँले हामीलाई यसैको निम्ति सृष्टि गर्नुभयो। स्वर्गमा उहाँको हुकुम चल्छ। अनि पृथ्वीमा कसो? के हामीले परमेश्वरको इच्छा जान्न चाहन्छौं? तब हामीले जे जान्दछौं, त्यो पालन गर्नुपर्छ। 'उहाँको इच्छा मेरो जीवनमा, मेरो परिवार, मेरो गाउँमा, मेरो देशमा पूरा भएको होस्' भनी प्रार्थना गरौं।

## आ – आफ्नो निम्ति गरिने प्रार्थना

**''आज हाम्रो दिनप्रतिदिन चाहिने भोजन हामीलाई दिनुहोस्। अनि हाम्रा पापहरू हामीलाई क्षमा गर्नुहोस्, जसरी हामीले पनि आफ्ना ऋणीहरूलाई क्षमा गर्दछौं। अनि परीक्षामा हामीलाई नलानुहोस्, तर हामीलाई दुष्टबाट बचाउनुहोस्।''** **मत्ती ६:११–१३**

हामीलाई के के खाँचो छ, यो कुरा हामीलाई त्यति राम्रो थाह छैन। मानिसले तीनटा कुराको आवश्यकता छ भनी हामी सुन्छौं – घाँस, वास र कपास। हामीलाई खानलाई भोजन, बस्नलाई घर र लाउनलाई लुगाभन्दा अरू के चाहिन्छ, सो कुरा हामीलाई सृष्टि गर्नुहुने परमेश्वरले जान्नुहुन्छ। यसकारण उहाँले हामीलाई यी कुराहरूको निम्ति प्रार्थना गर्ने शिक्षा दिनुहुन्छ। हाम्रो दैनिक खाँचो, पापको क्षमा, सुरक्षा र छुटकाराको लागि हामीले प्रार्थना गर्न सिक्नुपर्छ।

*** आज हाम्रो दिनप्रतिदिन चाहिने भोजन हामीलाई दिनुहोस्ः**

आज तपाईंको दैनिक आवश्वयकता के छ? यसको विषयमा परमेश्वरसित कुरा गर्नुहोस्। तपाईंले धेरै बताउनु र बुझाउनुपर्दैन, किनभने तपाईंलाई यी सबै थोकहरूको खाँचो पर्छ भनी उहाँ जान्नुहुन्छ। तपाईं किन खान र लाउनको निम्ति फिक्री गर्नुहुन्छ? यी सबै थोकहरूको निम्ति परमेश्वरमा भरोसा गर्न सिक्नुहोस्। किनभने उहाँले यसो भन्दै हामीलाई प्रतिज्ञा गर्नुभएको छ – 'परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै थोकहरू तिमीहरूलाई थपिनेछन्।'

*** हाम्रा पापहरू हामीलाई क्षमा गर्नुहोस्ः**

हामी कमजोर मानिस पाप गर्छौं। हामी परमेश्वरको विरोधमा पाप गर्छौं; हामीले एक–अर्काको विरोधमा पाप गर्छौं। यसैकारण हामीलाई पापको क्षमा पाउन एकदम खाँचो छ। यसको लागि हामीले आफ्नो पाप परमेश्वरको सामु मानिलिनुपर्छ। उहाँ हाम्रो पाप क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्न तयार हुनुहुन्छ। तर यहाँ एउटा याद राख्नुपर्ने कुरा छ – पहिले हामीले हाम्रो विरोधमा पाप गर्ने व्यक्तिलाई उसको पाप क्षमा गर्नुपर्छ; नत्र ता हाम्रो पापको क्षमा हुँदैन। हामी आपसमा मेलमिलापमा बस्नुपर्छ।

*** परीक्षामा हामीलाई नलानुहोस्ः**

परीक्षा भन्ने कुरा बुझ्न हामीलाई अति खाँचो छ। जब कुनै मानिस आफ्नो अभिलाषाद्वारा खिँचिएको छ र पापमा फस्छ, यसलाई परीक्षा भनिन्छ। यस्तो कुरा हरेक मानिसको अनुभव हुन्छ। यदि हामीले संसारको कुनै थोकलाई खूबै मन पराउँछौं, त्यसको लालसा गर्छौं भने त्यसमा फस्न एकदमै सजिलो छ। शैतान, हाम्रो शत्रुले पनि हामीलाई पापमा फसाउनलाई मौका खोज्छ। झिँगा फोहोरमा बस्छ भने शैतान, यो दुष्ट आत्मा पाप गर्ने ठाउँमा रहन्छ। जो त्यसको नजिकै जान्छ, त्यो पापमा फस्छ नै। उदहारणको लागि रक्सीको भट्टीमा पुगेको मान्छेमा एकक्षण हामी ध्यान दिऔं। जब ऊ त्यस ठाउँ पुग्छ, तब उसको मनमा रक्सी खाने अभिलाषा जाग्छ। मनमा एउटा आवाजले 'खाऊ, खाऊ न' भन्दै उसलाई साहस दिन्छ। यो हो दुष्ट आत्मा शैतान। तब ऊ भट्टीमा जान्छ, र जम्मै पैसा त्यस ठाउँमा उड़ाउँछ र पूरा मात्तिएको हुन्छ। यसरी नै मान्छे पापमा फस्छ। यसैले हामी पाप गर्ने ठाउँको टाढ़ामा बस्नैपर्छ; र पनि परमेश्वरको निगाह पाएनौं भने हामी पापमा फस्छौं। यसकारण यसरी नै हामीले परमेश्वरलाई पुकार गर्न सिकौं र पापको परीक्षामा नपरौं।

*** हामीलाई दुष्टबाट बचाउनुहोस्ः**

तर पाप वा कुनै खराब बानीमा फसेपछि हामी त्यस खराबीको दास बन्छौं। यसो हो भने हामी परमेश्वरको सेवा कसरी गरौं त? हामी परमेश्वरको र पापको सेवा गर्नुहुँदैन। दुष्ट शैतानका कामहरू नाश गर्नलाई प्रभु येशू संसारमा आउनुभयो। जब हामी प्रभु येशूको साँचो चेला बन्छौं, तब उहाँले हामीलाई सबै दुष्ट कुराहरूबाट छुटकारा दिनुहुन्छ भनी हामीले अनुभव गर्छौं। के तपाईं कुनै पापमा बाँधिनुभएको छ? मलाई हरेक दुष्ट पापको बानीबाट छुटकारा दिनुहोस् भनी प्रार्थना गर्नुहोस्।

*** राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्। आमेनः**

अन्तमा परमेश्वरलाई धन्यवाद र महिमा दिन नबिर्सनुहोस्। किनभने उहाँ आदर, महिमा, भक्ति पाउन योग्यको हुनुहुन्छ। उहाँको स्तुति गर्न सिक्नुहोस्। माग्नुभन्दा यसैमा ठूलो आशिष छ। 'आमेन' भन्दै प्रार्थनामा भनेका कुराहरू पुष्टि गर्नुहोस्। किनकि आमेनको अर्थ हुन्छ 'यस्तै होस्!'

## ख – प्रार्थना गर्ने उचित तरिकाहरू

### अ) यूहन्ना १४:१३-१४ – हामीले येशूको नाममा प्रार्थना गर्नुपर्छ

येशूको नाममा गरेको प्रार्थनाको सुनाइ हुन्छ भन्ने वचनमा हामीले ध्यान दिनुपर्छ। उहाँको नाममा हामीले ठूलो अधिकार पाएका छौं। येशूको नामले हामीलाई परमेश्वरको सामु अनुग्रह पाउने हक दिन्छ। तब हामीले के माग्ने हो, सो विचार गरेर प्रार्थना गरौं। कुनै धनी साथीले हामीलाई आफ्नो चेकबुक दिएर आफ्नो खाताबाट जति पनि रकम निकाल्ने अधिकार दिएका भए हामी कति खुशी हुन्थ्यौं। प्रभु येशूले हामीलाई आफ्नो नाममा यति अधिकार दिनुभयो। यसमा केवल एउटा सर्त छ – यो मागेको कुराले परमेश्वरको महिमा गर्नुपर्छ।

### आ) दानिएल ६:१० – हामीले नियमित रूपले प्रार्थना गर्नुपर्छ

परमेश्वरको भक्त दानिएलको प्रार्थना गर्ने र परमेश्वरलाई धन्यवाद चढ़ाउने बानी थियो। यसैबाट हामीले पनि दिनदिनको प्रार्थनाका नियमित समयहरू राख्नुपर्छ भन्ने कुरा सिक्न सक्छौं। इस्राएलीहरूले परमेश्वरको सामु हरेक बिहान र बेलुका बलि चढ़ाउने नियम पालन गर्थे। यसको देखासिकी गरेर हामी कम्तीमा बिहान र बेलुका प्रार्थनाको समय राखौं। समयको मात्र होइन, तर प्रार्थना गर्ने ठाउँको पनि ख्याल राख्नुपर्छ। हामी यस्तो ठाउँ खोज्नुपर्छ, जहाँ हामी विनाबाधा परमेश्वरलाई पुकार गर्न र उहाँसित कुरा गर्न सक्छौं। प्रभु येशू सबेरै उठेर अलग्गै पहाड़ वा वनमा एकलै प्रार्थनामा रहनुभयो। (मत्ती १४:२३)

### इ) लूका १८:१-८ – हामीले निरन्तर प्रार्थना गर्नुपर्छ

हामीले सधैं प्रार्थना गर्नुपर्छ र हिम्मत हार्नुहुँदैन भन्ने शिक्षा यस कहानीबाट स्पष्ट भयो, होइन कि? हामी जहाँ भए पनि, जुनसुकै अवस्थामा भए पनि परमेश्वरलाई पुकार गर्न पाउँछौं। किनभने परमेश्वरको बारेमा हामीले यसरी पढ्न सक्छौं – ***'हे प्रार्थना सुन्नुहुने, सबै मानिसहरू तपाईंकहाँ नै आउनेछन्!'*** भजनसँग्रह ६५:२

### ई) लूका १८:४१ – हामीले कुनै निश्चित विषय तोकेर प्रार्थना गर्नुपर्छ

हामीले चाहेको कुरा वा मागेको विषय स्पष्ट हुनुपर्छ। प्रार्थना गफ होइन, धेरै लामो हुनु पनि पर्दैन, तर प्रार्थना हामीले विश्वाससाथ गर्नुपर्छ। परमेश्वरले तपाईंलाई के गर्नुभएको चाहनुहुन्छ, यसको बारेमा निश्चित भएर उहाँलाई यो सफासँग भन्नुहोस्।

### उ) एफेसी ३:१४ – प्रार्थना गर्दा हामी गम्भीर हुनुपर्छ

प्रार्थना प्रायः घुँड़ा टेकेर गरेको हामी बाइबलमा पाउँछौं। कुनै बेलामा मानिसहरूले प्रार्थना गर्दा उभिए (भजनसँग्रह १३४:१; १३५:२); कुनै समयमा भुइँमा घोप्टो परे (गन्ती १४:५; यहोशू ५:१४)। तर यी सबै समयहरूमा मानिसहरू परमेश्वरको आदर र भक्ति गर्थे। कुनै समय पनि मानिसहरूले प्रार्थनालाई हल्का किसिमले विचार गरेनन्। तब परमेश्वरका सच्चा भक्त भएर हामीले पनि यस्तै गर्नुपर्छ।

### ऊ) यहूदा २० – हामीले पवित्र आत्माअनुसार प्रार्थना गर्नुपर्छ

हामीले सुन्दर प्रकारले वा मीठो बोलीले, मानिसहरूलाई खुशी पार्ने गरी प्रार्थना गर्नुहुँदैन। हामीले प्रार्थनामा पवित्र आत्माको अगुवाइ पाउनैपर्छ। यसमा एउटा कुरा याद गर्नु खाँचो छ। पवित्र आत्माले हामीलाई परमेश्वरको वचन उल्लङ्घन गर्न कहिल्यै सिकाउनुहुन्न। यूहन्ना १५:७ पदअनुसार प्रार्थना गर्नेले ठूलो आशिष पाउनेछ।

**ए) याकूब ५:१६ र कलस्सी ४:१२ – प्रार्थना गर्नुमा हामी अल्छी हुनुहुँदैन**

लगातार प्रार्थना गर्नु सजिलो कुरा होइन। प्रार्थना कति पल्ट परिश्रम गरेको जस्तो हो। हामीलाई मन पर्‍यो भने गर्ने र मन परेन भने नगर्ने कुरा होइन। प्रार्थनाले ठूलो काम गर्न सक्छ, किनभने हामीले गर्न नसक्ने कामहरू परमेश्वरले प्रार्थनाको उत्तरमा आफ्नो शक्तिशाली हातले हाम्रो पक्षमा गर्नुहुन्छ।

## ग – प्रार्थनाको विषयहरू

**अ) १ तिमोथी २:१-३ – हामीले आफ्नो देशको शासकहरूको निम्ति प्रार्थना गर्नुपर्छ**

प्रार्थना गर्नु सबैभन्दा मुख्य कुरा हो। हामीले भक्ति र इमानदारीसाथ शान्ति र चैनको जीवन विताउन पाऔं भनी परमेश्वरको इच्छा हो। यसकारण हामीले आफ्नो देशका शासकहरूको निम्ति प्रार्थना गर्नुपर्छ।

**आ) १ तिमोथी २:१,३-४ – हामीले विश्वास नगरेका मानिसहरूको निम्ति प्रार्थना गर्नुपर्छ**

सबै मानिसहरूलाई मुक्तिको खाँचो छ। परमेश्वरले सबैले मुक्ति पाऊन् र सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा राखेर हामीलाई हाम्रा छिमेकी, हाम्रो गाउँका मानिसहरू, साथै हामीसँग स्कूलमा पढ्ने वा काम गर्ने साथीहरूको निम्ति प्रार्थना गर्ने जिम्म दिनुभयो। तर कसले उनीहरूको लागि बोझ लिएर प्रार्थना गर्छ, जसले प्रभु येशूको सुसमाचार सुनेकै छैनन्? चाहे नजिकमा चाहे टाढ़ामा, हामी आफ्नो देश र जातिको लागि मात्र होइन, तर सबै मानिसहरूको लागि प्रार्थना गर्नुपर्छ।

**इ) रोमी ९:१-३; १०:१ – हामीले आफ्नो परिवारको हरेक सदस्यको निम्ति प्रार्थना गर्नुपर्छ**

प्रभु येशूमाथि विश्वास गर्नुहोस्, र तपाईं र तपाईंको परिवारले मुक्ति पाउनुहुन्छ भन्ने प्रतिज्ञा छ। हामीले मुक्ति पाएकोमा रमाउन सक्छौं, तर यस वचनअनुसार हामी आफ्नो परिवारको लागि खूबै बोझसाथ प्रार्थना गर्न छोड्नुहुँदैन। जबसम्म सबैले मुक्ति पाएनन् र प्रभुको बाटोमा हिँड्दैनन्, तबसम्म उनीहरूको लागि प्रार्थना गरिरहनुपर्छ।

**ई) फिलिप्पी १:३-४ र कलस्सी ४:२-३ – हामीले आफ्नो मण्डली र त्यसका अगुवाहरूको निम्ति प्रार्थना गर्नुपर्छ**

प्रभु येशूमाथि विश्वास गरेपछि हामी बप्तिस्मा लिएर स्थानीय मण्डलीका सदस्य हुन्छौं। यो हाम्रो आत्मिक परिवार हो। यसकारण सबै विश्वासीहरूसँग मेलमा बसेर उनीहरूको निम्ति प्रार्थना गर्नुपर्छ। साथै मण्डलीको रेखदेख गर्ने र वचन प्रचार गर्ने अगुवाहरूलाई हाम्रो प्रार्थनाको सहायताको खाँचो छ।

**उ) फिलिप्पी ४:६-७ र याकूब १:५ – हामीले आफ्नो शारीरिक र आम्तिक खाँचोको निम्ति प्रार्थना गर्नुपर्छ**

तपाईंलाई के खाँचो पर्छ? चाहे आफ्नो शरीर चाहे आत्माको होस्, यसको फिक्री गर्नुपर्दैन, तर परमेश्वरसँग माग्नुपर्छ। किनभने उहाँले हामीलाई 'माग र तिमीलाई दिइनेछ' भन्ने प्रतिज्ञा दिनुभएको छ।

## घ – विभिन्न किसिमका प्रार्थनाहरू

**अ) भजनसँग्रह ४५:११ – उपासना / आराधना**

जब हामी प्रार्थना गर्छौं, तब हामीले केवल माग्ने काम नगरौं; तर हामीले परमेश्वरको उपासना गर्न सिक्नुपर्छ। परमेश्मरले उपासकहरूलाई खोज्नुहुन्छ। (यूहन्ना ४:२३) उपासना वा आराधना भनेको मूल भाषाको अर्थअनुसार आफू झुक्नु र परमेश्वरको सामु दण्डवत् गरेर उहाँको नाम उच्च पार्नु हो।

**आ) भजनसँग्रह ९:१-२ - स्तुति / प्रशंसा**

जब हामी प्रभुमा आनन्दित हुन्छौं, तब हामी उहाँको गुणगान गर्न चाहन्छौं। यस्तो गरेको प्रार्थना प्रशंसा पनि भनिन्छ। भजनसँग्रहको पुस्तकभरि हामीले परमेश्वरको स्तुति गाएको पाउँछौं। ख्रीष्टको मण्डलीमा र परिवारमा हामी पनि सँगै मिली प्रभु येशूको स्तुतिगान गाएर उहाँको नामको महिमा गर्छौं।

**इ) १ थेस्सलोनिकी ५:१८ - धन्यवाद**

जब हामीले परमेश्वरबाट कुनै आशिष पाउँछौं, तब हामीले धन्यवाद चढ़ाउनुपर्छ। यसकारण हामीले खाना खान अघि पनि प्रभुलाई धन्यवाद दिन्छौं। सबै कुरामा धन्यवादी हुनु हामीले सिक्नुपर्छ। आज नै परमेश्वरलाई धन्यवाद चढ़ाउन थाल्नुहोस्। तब प्रभु येशूलाई धन्यवाद दिने धेरै कारणहरू पाउनुहुनेछ।

**ई) मत्ती ७:७ - विन्ती**

परमेश्वर अनुग्रहको सिँहासनमा बस्नुहुन्छ। उहाँले हामीलाई साहससित आफूकहाँ आउने र माग्ने निम्तो दिनुहुन्छ। (हिब्रू ४:१६) उहाँ हामीलाई प्रशस्त मात्रामा आशिष दिन चाहनुहुन्छ। यसकारण मानिसहरू-कहाँ होइन, तर आफ्नो परमेश्वरकहाँ गएर माग्नुहोस्।

**उ) उत्पत्ति १८:१६-३३ - अन्तर्विन्ती**

आफ्नो निम्ति माग्नु स्वाभविक कुरा हो, तर यस स्वार्थी युगमा कसले अरूको लागि प्रार्थना गर्छ होला? उत्पत्ति १८ अध्यायमा हामी आब्रहामले अरू मानिसहरूको लागि प्रार्थना गरेका देख्छौं। यस खण्ड ध्यानसित पढ्नुहोस्। तब अन्तर्विन्ती भन्ने कुरा तपाईंले सफासँग बुझ्नुहुन्छ।

**ऊ) नहेम्याह १:४ - उपबाससाथको प्रार्थना**

केही पनि नखाई व्रत बस्ने हामीलाई के काम छ? हामीले आफूलाई परमेश्वरको सामु नम्र तुल्याउन र आफ्नो र अरूको पापको लागि अफसोस मात्र चाहन्छौं भने उपवाससित हामी प्रार्थना गर्छौं। परमेश्वरको सेवामा वा कुनै विशेष कामकुराको लागि परमेश्वरको आशिषको गम्भीर चाहना हामीले उपवास र प्रार्थनाद्वारा प्रकट गर्छौं।

**ए) प्रेरित १:१४ र मत्ती १८:१९-२० - समुहिक प्रार्थना**

जब दुईतीनजना मिलीकन वा मण्डलीको रूपमा हामीले प्रार्थना गर्छौं, त्यसलाई समुहिक प्रार्थना भनिन्छ। यस किसिमको प्रार्थनामा प्रभु येशूले विशेष आशिषको प्रतिज्ञा गर्नुभयो। समुहिक प्रार्थना गर्दा हामीले माग्न चाहेको विषयमा एक मनका हुनुपर्छ। आजभोलि मण्डलीहरूमा यस कुरामा ख्याल नराखी भूल गरिएको पाउँछौं। हामीले एक एक गर्दै पालो गरी प्रार्थना गर्नुपर्छ। सबैजना एकैचोटि प्रार्थना गरेको तरिका परमेश्वरको वचनको विपरीत छ। सबैले एकसाथ बोले भने कसको प्रार्थनामा 'आमेन' भन्दै हामी सहमती जनाऔं? शिष्टतापूर्वक र क्रमअनुसार प्रार्थना गर्दै हामी यस कुरामा पनि परमेश्वरको महिमा गरौं।

## ङ - प्रार्थनामा बाधा दिने कुराहरू

**अ) भजनसँग्रह ६६:१८ र यूहन्ना ९:३१ - अधर्म**

प्रार्थनाको उत्तर नपाउने कारणहरू धेरै हुन्छन्। तर एउटा मुख्य कारण हामीले मुक्ति नपाएको हुन सक्छ वा हामीले आफ्नो मनमा अधर्म लिएको हुन सक्छ। परमेश्वर र हाम्रो बीचमा पाप आउन दिनुहुँदैन। पापले परमेश्वरसितको सँगति बिगार्छ र प्रार्थनामा बाधा दिन्छ भन्ने कुरा जानेर हामीले परमेश्वरको सामु सबै पाप र अधर्महरू मानिलिनुपर्छ। पापको क्षमा पाई हामीले प्रार्थनाको उत्तरको आशा राख्न सक्छौं।

**आ) याकूब ४:२-३ - स्वार्थीपन**

कतिले प्रार्थना नगरेर, तर आफ्नो बल र सीप लगाएर जीवनमा उन्नति गर्न खोज्छन्। तर यसो गरेर परमेश्वरको आशिष पाइँदैन। अरूले परमेश्वरसित माग्छन्, तापनि पाउँदैनन्। यसकारण जब हामीले परमेश्वरलाई पुकाछौं, तब हामीले मागेको कुरा परमेश्वरको इच्छाअनुसारको कुरा हो कि होइन, हामीले पहिले विचार गर्नुपर्छ। परमेश्वरले हामीबाट कुनै असल थोक बाँकी राख्नुहुन्न। तर हामीले नचाहिँदो कुरा माग्छौं भने उहाँले हामीलाई नदिनुभएकोमा अचम्म मान्नुहुँदैन।

**इ) हितोपदेश २८:९ र १ यूहन्ना ३:२२ - अनाज्ञाकारिता**

परमेश्वरको वचनअनुसार चल्नु हाम्रो कर्तव्य हो। परमेश्वरको जनहरू आज्ञाकारी हुन्छन्। यसो गर्नाले हामीले परमेश्वरलाई खुशी पाछौं र हामीले मागेको कुरा पाउँछौं भनेर निश्चिन्त हुन सक्छौं।

**ई) हिब्रू ११:६ र याकूब १:५-७ - अविश्वास**

परमेश्वरलाई पुकार्ने व्यक्तिमा विश्वास हुनुपर्छ। परमेश्वरले मेरो विन्ती सुन्नुहुन्छ र मलाई उत्तर दिनुहुन्छ भन्ने कुरामा हामी निश्चित हुनुपर्छ। शङ्का गर्ने मानिसले परमेश्वरबाट केही पाउँदैन। यसकारण दोधारमा नबसौं र विश्वाससाथ परमेश्वरलाई पुकार गरौं।

**उ) मर्कूस ११:१५ / १ पत्रुस ३:७ / १ तिमोथी २:८ - अमेल**

परमेश्वरले हामी आपसमा मेलमिलापमा बसेको चाहनुहुन्छ। जहाँ मानिसहरू मिलापमा बस्छन्, त्यहाँ उहाँले आफ्नो आशिष पठाउनुहुन्छ। यसकारण चाहे आफ्नो परिवारमा चाहे मण्डलीमा हामीले एक अर्कालाई माफ दिएर मिल्नुपर्छ। कसैको विरोधमा केही छ भने क्षमा गर्ने, रिस मेट्ने आज्ञा हामीले प्रभुबाट पाएका छौं। हामी सकभर सबै मानिसहरूसँग मिलापमा बसौं।

**ऊ) हितोपदेश २१:१३ - निर्दयता**

दयालु स्वभव भएको मानिसले अरूलाई उनीहरू दु:खमा परेको बेलामा कृपा देखाउँछ र दिन्छ। अनि जब उसलाई खाँचो पर्छ, तब परमेश्वरले उसलाई छोड्नुहुन्न। 'देऊ र तिमीलाई दिइनेछ' र 'माग र तिमीलाई दिइनेछ' भन्ने दुवै वचनहरू सत्य छन्। यसकारण हामीले दिन पनि सिकौं।

**ए) लूका १८:९-१४ र हितोपदेश ३:३४ - अहङ्कार**

परमेश्वरको सामु नम्र हुनुपर्छ। हामी आफैमा उहाँको आशिष पाउने कुनै अधिकार छैन। दिनप्रतिदिन हामीले उहाँको निगाह पाएर बाँचिरहेका छौं; के हामीले यो कुरा बिर्सेका छौं? तब घमण्ड गर्ने के कारण छ त? उहाँको निगाह पाउनलाई हामी नम्र हुनुपर्छ भन्ने कुरा हामी कहिल्यै नबिर्सौं।

**ऐ) मत्ती ६:५+७ र लूका २०:४७ - कपटीपन**

परमेश्वरले घमण्डीहरूको विरोध गर्नुहुन्छ भने उहाँ कपटीहरूलाई सहन सक्नुहुन्न। यसकारण कपटदेखि हामी एकदम होशियार बस्नुपर्छ। हामी परमेश्वरको सामु कुनै बहाना नगरौं र उहाँलाई मनाउनको निम्ति लामो लामो कुरा नगरौं। उहाँ यस्ता सबै कुराहरू मन पराउनुहुन्न। परमेश्वरको सामु इमानदारी हुनुहोस्, प्रार्थना सच्चाइसाथ गर्नुहोस्। किनभने मुखले मात्र गरेको प्रार्थना वा मानिसहरूको सामु आत्मिक देखा पर्नको निम्ति गरेको प्रार्थना परमेश्वरले घृणा गर्नुहुन्छ।

## च – प्रार्थना गर्ने प्रतिज्ञाहरू

प्रार्थनाको बारेमा परमेश्वरले हामीलाई धेरै प्रतिज्ञाहरू गर्नुभयो, किनभने हामीले उहाँलाई पुकारेका चाहनुहुन्छ। यहाँ हामी प्रार्थना गर्ने हिम्मत दिनको निम्ति तपाईंलाई यस्ता केही पदहरू लेख्छौं।

**''सङ्कष्टको दिनमा मलाई पुकार; म तिमीलाई छुटाउनेछु, र तिमीले मलाई महिमा देऊ!''**
**भजनसँग्रह ५०:१५**

**''मलाई पुकार, र म तिमीलाई जवाफ दिनेछु र तिमीले नजानेका महान् र अपार कुराहरू तिमीलाई देखाउनेछु।''** **यर्मिया ३३:३**

**''माग र तिमीहरूलाई दिइनेछ; खोज र तिमीहरूले भेट्टाउनेछौ; ढकढक्याओ र तिमीहरूको निम्ति खोलिनेछ। किनकि हरेक जसले माग्छ, उसले पाउँछ; जसले खोज्छ, उसले भेट्टाउँछ र जसले ढकढक्याउँछ, उसको निम्ति खोलिन्छ। अथवा तिमीहरूको बीचमा को मानिस होला, जसलाई आफ्नो छोराले रोटी माग्दा उसलाई ढुङ्गा देला? अथवा उसले माछा माग्दा उसलाई साँप देला? यसकारण तिमीहरू, जो दुष्ट छौ, आफ्ना छोराछोरीहरूलाई असल उपहारहरू दिन जान्दछौ भने स्वर्गमा हुनुहुने तिमीहरूका पिताले आफूसित माग्नेहरूलाई झन् बढ्ता गरी असल कुराहरू दिनुहुन्छ, होइन र?''**
**मत्ती ७:७-११**

**''यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थना गर्दै जे जे कुराहरू माग्छौ, ती पाउँछौ भनी विश्वास गर, र तिमीहरूले ती पाउनेछौ।''** **मर्कूस ११:२४**

**''अनि जेसुकै तिमीहरू मेरो नाममा माग्छौ, पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु। तिमीहरूले कुनै कुरा मेरो नाममा माग्छौ भने म त्यो गर्नेछु।''** **यूहन्ना १४:१३-१४**

**''तिमीहरू ममा रह्यौ र मेरा वचनहरू तिमीहरूमा रहे भने तिमीहरूले जे चाहन्छौ, त्यो माग्नेछौ र त्यो तिमीहरूको निम्ति गरिनेछ।''** **यूहन्ना १५:७**

**''साँचो, साँचो म तिमीहरूलाई भन्दछु, तिमीहरूले पितालाई मेरो नाममा जे पनि माग्छौ, त्यो उहाँले तिमीहरूलाई दिनुहुन्छ। अहिलेसम्म तिमीहरूले मेरो नाममा केही पनि मागेका छैनौ; माग, र तिमीहरूको आनन्द पूरा होस् भनेर तिमीहरूले पाउनेछौ।''** **यूहन्ना १६:२३-२४**

**''प्रियहरूहो, हाम्रो हृदयले हामीलाई दोष दिँदैन भने परमेश्वरतर्फ हामीलाई साहस हुन्छ। अनि हामी जे माग्छौं, त्यो उहाँबाट पाउँछौं; किनभने हामी उहाँका आज्ञा पालन गर्छौं र उहाँको दृष्टिमा मन पर्दा कुराहरू गर्छौं।''** **१ यूहन्ना ३:२१-२२**

**''प्रभु येशूमा हाम्रो हिम्मत यही हो– उहाँको इच्छाअनुसार हामीले केही कुरा माग्छौं भने उहाँले हाम्रो विन्ती सुन्नुहुन्छ; अनि हामीले जेसुकै मागे तापनि उहाँले हाम्रो विन्ती सुन्नुहुन्छ भनी हामी जान्दछौं भने हामीले उहाँबाट जे चाहेका थियौं, ती मागहरू पाएका छौं भनी हामी पनि जान्दछौं।''**
**१ यूहन्ना ५:१४-१५**

**''यसकारण हामी साहससाथ अनुग्रहको सिंहासनको नजिक आऔं, र दया पाऔं कि खाँचो परेको बेलामा सहायता पाउनलाई हामी अनुग्रह प्राप्त गरौं।''** **हिब्रू ४:१६**

**''हे प्रार्थना सुन्नुहुने, सबै मानिसहरू तपाईंकहाँ नै आउनेछन्!''** **भजनसँग्रह ६५:२**

# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम - उत्तर पृष्ठ

**तपाईंको पूरा ठेगानाः** (अंग्रेजीमा लेखे पनि हुन्छ)

श्री/सुश्री/श्रीमति ..........................................................................................

गा०वि०स०/ग्रा०पं०: .............................................. वार्ड नं०: .......................

हुलाक/पो० आ० : ................................ जिल्ला: ......................................

अञ्चल/प्रदेश: ......................................... देश: ...................................

**रजिष्टर नं०:** .......................

# पाठ ५

## प्रभु येशूको चेलाले प्रार्थना कसरी गर्नुपर्छ?

हामीले अघि नै भन्यौं - सासविना मानिस तीन मिनट मात्र बाँच्न सक्छ। प्रार्थना गर्नु भनेको आत्मिक सास लिनु हो। जसले प्रार्थना गर्दैन, उसको जीवनमा आत्मिक सासै छैन। यसैले परमेश्वरको आज्ञा हाम्रो लागि 'निरन्तर प्रार्थना गरिरह' हो। हामी कुरा दोहोऱ्याउँदै तपाईंलाई सम्झाउँछौं - प्रार्थना कसरी गर्नुपर्छ, यस विषयमा पढ़ेर सिक्न सकिँदैन, तर गरेर सिक्नुपर्छ। यस पाठमा हामीले बाइबलका धेरै पदहरू पूरा रूपमा लेखेनौं, तर यिनका छोटकरी रूप मात्र दियौं। कृपा गरी यी सबै पदहरू बाइबल खोलेर पढ्नुहोस्; त्यसपछि मात्र उत्तर लेख्नुहोस्। अन्तमा यो कुरा पनि याद गर्नुहोला कि परमेश्वरको दृष्टिमा ग्रहणयोग्य हुनलाई तपाईं आफ्नो लागि सिक्नुहुन्छ। यसैले हतार गरेर होइन, तर अर्थ बुझ्ने गरी तनमनले परमेश्वरको वचन अध्ययन गर्नुहोला।

### क - प्रभु येशूले प्रार्थना गर्न सिकाउनुभयो?

**१) क) १ थेस्सलोनिकी ५:१७-१८ - प्रार्थनाको सम्बन्धमा परमेश्वरको आज्ञा के हो?**

..........................................................................................

**ख) हाम्रो निम्ति परमेश्वरको इच्छा के छ?**

..........................................................................................

२) मत्ती ६:९-१० - प्रभु येशूले सिकाउनुभएको प्रार्थनाअनुसार परमेश्वरको सम्बन्धमा हामीले कुन तीनटा कुराको निम्ति प्रार्थना गर्नुपर्छ ?

अ) ........................................................................................................

आ) ........................................................................................................

इ) ........................................................................................................

३) मत्ती ६:११-१३ अनुसार आफ्नो सम्बन्धमा हामीले कुन चारोटा कुराको निम्ति प्रार्थना गर्नुपर्छ?

अ) ........................................................................................................

आ) ........................................................................................................

इ) ........................................................................................................

ई) ........................................................................................................

## ख - प्रार्थना गर्ने उचित तरिकाहरू

१) यूहन्ना १४:१३-१४ - क) प्रभु येशूको नाममा गरेको प्रार्थनाको उत्तर हामीले किन पाउँछौ?

.........................................................................................

ख) येशूको नाममा गरेको प्रार्थनाको उत्तर पाउँदा कसको महिमा हुन्छ?

.........................................................................................

२) दानिएल ६:१० - क) दानिएल कहाँ प्रार्थना गर्थे? ..................................................

ख) दिनमा उनी कतिपल्ट प्रार्थना गर्ने गर्थे? ...................................

ग) तपाईं दिनमा कतिपल्ट प्रार्थना गर्नुहुन्छ? ................................

३) लूका १८:१-८ - क) प्रभु येशूले यो कथा किन भन्नुभयो? ...................................

.........................................................................................

ख) त्यस विधवाबाट हामी प्रार्थनाको बारेमा के सिक्न सक्छौं? ....................................

.........................................................................................................

ग) परमेश्वरले प्रार्थनाको उत्तर कहिले दिनुहुन्छ? ..................................................

घ) प्रार्थनाको उत्तर पाउनलाई के चाहिन्छ, प्रभु येशूले के भन्नुहुन्छ? ..........................

४) लूका १८:४१ - क) प्रभु येशूले अन्धा बर्तिमैलाई के प्रश्न सोध्नुभयो? .........................

.........................................................................................

ख) यसबाट हामीले के सिक्न सक्छौं? ...............................................................

५) एफेसी ३:१४ - क) पावलले कससँग प्रार्थना गरे? ..................................................

ख) पावल कसरी प्रार्थना गर्थे? ....................................................

६) यहूदा २० अनुसार ठीक किसिमको प्रार्थना कसरी गरिन्छ? ..........................................
७) यूहन्ना १५:७ अनुसार ठीक किसिमको प्रार्थना कसरी गरिन्छ? ....................................

..................................................................................................................

८) याकूब ५:१६ - धर्मीजनको प्रार्थनाले के गर्न सक्छ? ..............................................
९) कलस्सी ४:१२ - यसकारण हामीले एपाफ्रासको प्रार्थनाको जीवनबाट के सिक्न सक्छौं?

..................................................................................................................

## ग - प्रार्थनाको विषयहरू

१) १ तिमोथी २:१-४ - क) सबभन्दा पहिले परमेश्वरले हामीले के गरेका चाहनुहुन्छ?

..................................................................................

ख) हामीले आफ्नो देशको शासकहरूको लागि किन प्रार्थना गर्नुपर्छ?

..................................................................................................................

ग) परमेश्वरको इच्छा के रहेछ? ..........................................................................

घ) यसमा हाम्रो कर्तव्य के हो? ...........................................................................

२) रोमी १०:१ अनुसार आफ्ना मानिसहरूको निम्ति पावलको हृदयको चाहना के थियो?

..................................................................................................................

३) कलस्सी ४:३ - मण्डलीका अगुवाको लागि किन प्रार्थना गर्नुपर्छ? .............................

..................................................................................................................

४) फिलिप्पी ४:६ मा हामीलाई दुईटा आज्ञा दिइएका छन्। ती के के हुन्?

अ) ...............................................................................

आ) ...............................................................................................

५) याकूब १:५-८ - क) आत्मिक बुद्धि कसरी पाइन्छ? ................................................

ख) परमेश्वरले माग्ने व्यक्तिलाई कसरी दिनुहुन्छ? ..................................................

.........................................................................................................

ग) उहाँले कसलाई दिनुहुन्न? (पद ८) ....................................................................

## घ - विभिन्न किसिमका प्रार्थनाहरू

१) भजनसँग्रह ४५:११ अनुसार उपासना भनेको के हो? ................................................
२) यूहन्ना ४:२३ - हामीले परमेश्वरलाई कसरी उपासना चढ़ाउनुपर्छ? ..............................

..................................................................................................................

३) अरू कस्ता कस्ता किसिमको प्रार्थना हुन्छन्?

अ) ....................................................................

आ) ...................................................................

इ) ....................................................................

ई) ....................................................................

उ) ....................................................................

ऊ) ...................................................................

४) उत्पत्ति १८:१६-३३ - क) के तपाईंले यो पूरा खण्ड पढ्नुभयो? ...............................

ख) यस खण्डमा आब्रहामले के गरे? .............................................................

ग) अन्तर्विन्ती भनेको के हो? ..................................................................

५) प्रेरित १:१४ - क) सँगै प्रार्थना गर्दा कुन कुरामा हामीले ध्यान दिनुपर्छ?

.........................................................................................

६) मत्ती १८:१९-२०मा सँगतिबारे प्रभु येशूले कुन दुईटा कुरा प्रतिज्ञा गर्नुभयो?

अ) .........................................................................................

आ) .......................................................................................

७) प्रार्थनामा बाधा दिने कुराहरू के के हुन्?

अ) ........................................ आ) ........................................

इ) .......................................... ई) ........................................

उ) ........................................... ऊ) ..............................................

ए) ............................................. ऐ) ...............................................

## च - प्रार्थना गर्ने प्रतिज्ञाहरू

१) बाइबलको कुन प्रतिज्ञा तपाईंलाई प्रार्थना गर्नलाई बढ़ी प्रोत्साहन दिन्छ? ........................

२) मत्ती ६:१०-१३ कण्ठस्थ गर्नुहोस्। (गर्नुभयो भने उत्तरमा मैले गरेँ लेख्नुहोस्) ..........................

३) के तपाईं दिनदिनै प्रार्थना गर्नुहुन्छ? .............................. कहिले? ...............................

४) प्रार्थनाको सम्बन्धमा केही नबुझेका कुराहरू छन् कि? कुनचाहिँ? ...............................

.........................................................................................................

५) तपाईंको निम्ति हामीले के प्रार्थना गरेको चाहनुहुन्छ? ..............................................

.........................................................................................................

.........................................................................................................